का.जि.प्र.का.द.नं. १००/०५९/६०

❐ वर्ष १८, अंक ३७
❐ २४ फागुन २०७६, शनिबार
❐ 7 March 2020, Saturday
www.madhyanhadaily.com

पृष्ठ ८ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

# कारागारमा कोरोना त्रास

**कारोना भाइरसको प्रकोप विश्वव्यापी बन्दै गएपछि नेपाली कारागारमा समेत त्रास छाएको छ । त्रसित कैदीबन्दीले रिहाइको विकल्प अघि सारेका छन् ।**

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २३ फागुन

कोरोनाको त्रास नेपालको कारागारहरूमा पनि फैलिएको छ। कोरोनाले त्रस्त कैदी/बन्दीहरूले रिहाइको माग गरेका छन् ।

सम्भव भए आधा कारागार सजय भुक्तानी गरिसकेका कैदीको पूर्ण रूपमा रिहाइ गर्नुपर्ने, नभए रिहाइ अवधिमा घरनजिकैको प्रहरी कार्यालयमा हाजिर हुने गरी छाड्नु पर्ने माग उनीहरूले अघि सारेका हुन् । क्षमताभन्दा बढी कोचिएर बस्नुपर्दा रोग प्रतिरोधात्मक क्षमता कमजोर हुँदै गएका कारण कैदी/बन्दीमा त्रास फैलिएको छ। मुलुकका सबै कारागारमा क्षमताभन्दा तेब्बर बढीसम्म कैदी/बन्दी छन् ।

डिल्लीबजार कारागारमा रहेका कैदी प्रेम राईले भने, 'रोग प्रतिरोधात्मक क्षमता कमजोर हुने भएकाले एक व्यक्तिमा भाइरस संक्रमण देखिए धेरै प्रभावित हुन सक्छन्। कारागारभित्र एकै ठाउँमा धेरै जना सुत्नुपर्ने भएकाले एक जनामा संक्रमण देखिए एकै रातमा सबैमा सर्न सक्छ ।'

कारागारमा कैदीहरूको अवस्था दयनीय रहेको जानकारी दिँदै उनले अगाडि थपे, 'राति सुत्दा कसैको टाउकोमाथि, कसैको खुट्टा हुन्छ । यस्तो अवस्थामा कोरोना आयो भने एकै छिनमा सबैलाई सर्न सक्छ ।'

राईले आफूहरूको जीवनरक्षाका लागि सरकारले अस्थायी रूपमा भए पनि रिहा गर्नुपर्ने माग गरे। कोरोना भाइरस संक्रमण बढेपछि इरानले ५४ हजारभन्दा बढी कैदीलाई अस्थायी रूपमा रिहा गरेको छ । कैदी बन्दी धेरै रहेका जेलमा कोरोना भाइरसको संक्रमण नफैलियोस् भन्नका लागि इरानले अस्थायी रूपमा कैदीलाई रिहा गरेको हो । राईले इरानको उदाहरण दिँदै आफूहरूको पनि उचित व्यवस्थापन हुनुपर्ने बताए । घरनजिकैको प्रहरी कार्यालयमा हाजिर गर्न मिल्ने गरी रिहा गरिनु उपयुक्त हुने मत राइको छ ।



**सरकारले कैदी बन्दीहरूलाई अस्थायी रूपमा रिहा गर्ने निर्णय गरे कार्यान्वयन गर्न तयार रहेको पनि महानिर्देशक श्रेष्ठले बताए ।**

यसैबीच, डिल्लीबजार कारागार गेटमा आगन्तुकको हातमा सेनिटाइजर लगाइन्छ । कारागारभित्र नियमित स्वास्थ्य परीक्षण भइरहेको छ । कैदी बन्दीलाई भेट्न जानेले पनि अनिवार्य रूपमा मास्क लगाउनुपर्छ । पुस मसान्तसम्मको तथ्यांकअनुसार नेपालका विभिन्न जेलमा २५ हजार १ सय ४७ कैदी बन्दी छन् । तीमध्ये विदेशीको संख्या एक हजार २ सय ६५ छ । कारागार व्यवस्थापन विभागले कैदी बन्दीहरूको स्वास्थ्यमा ध्यान दिइरहेको जनाएको छ। विभागका महानिर्देशक गजेन्द्रबहादुर श्रेष्ठले विभागमा शुक्रबार बसेको बैठकले कैदीबन्दीहरूको स्वास्थ्यमा थप सुरक्षा अपनाइने निर्णय भएको बताए । उनले भने, 'कैदी बन्दीका विषयमा हामी सचेत छौं । उहाँहरूको स्वास्थ्यमा ध्यान दिने विषयमा थप निर्णय लिएका छौं ।' भेट्न जानेलाई पनि स्वास्थ्य परीक्षण गरेर जान दिने व्यवस्था मिलाउन जेलहरूलाई निर्देशन दिने तयारी भएको उनले जानकारी दिए। सरकारले कैदी बन्दीहरूलाई अस्थायी रूपमा रिहा गर्ने निर्णय गरे कार्यान्वयन गर्न तयार रहेको पनि महानिर्देशक श्रेष्ठले बताए । नेपालमा कुल कारागारको संख्या ८३ छ। अधिकांशमा क्षमताभन्दा तेब्बरसम्म कैदी छन् ।

## कोरोनाबारे गगनका ११ सुझाव

**काठमाडौं/मस** प्रमुख प्रतिपक्षी नेपाली कांग्रेसका सांसद् गगनकुमार थापाले कोरोना भाइरस जोखिमबारे पेस गरेको राष्ट्रिय संकल्प प्रस्तावमाथि प्रतिनिधिसभा बैठकमा शुक्रबार छलफल भएको छ । विश्व स्वास्थ्य संगठनले नेपाललाई पनि कोरोना भाइरसको उच्च जोखिम रहेको सूचीमा राखेपछि पूर्वतयारीका लागि थापाले प्रस्ताव राखेका हुन् ।

उक्त प्रस्तावमाथि बोल्दै सांसद् थापाले सरकारलाई ११ सुझाव दिएका छन् ।

१. एकीकृत कार्ययोजना बनाउनुपर्‍यो

स्वास्थ्य मन्त्रालयले मात्र नभएर सबै मन्त्रालयले आफ्ना ठाउँबाट तयारी गर्नुपर्ने उनले बताए। संसद्, समुदाय र व्यक्तिहरूले पनि आफ्ना जिम्मेवारीअनुसार पूर्वतयारी गर्नुपर्ने उनको भनाइ छ। उपप्रधानमन्त्री ईश्वर पोखरेलको संयोजकत्वमा समिति बनेको भन्दै उनले उक्त समितिले एकीकृत कार्ययोजना बनाउन ढिला गर्न नहुने बताए । 'एकीकृत कार्ययोजना बनाएर त्यसमा प्रष्टसँग कसले के गर्ने समय नै तोकेर किटान गर्नुपर्छ,' उनले भने, 'जुन कुरा संसद्ले मात्र होइन, नागरिकले पनि थाहा पाउनुपर्छ ।'

उक्त कार्ययोजनामा आर्थिक स्रोत के हुन सक्छन् भन्ने पनि उल्लेख गरिनुपर्ने उनले बताए ।

२. संसद्मा विशेष समिति बन्नुपर्छ

उपप्रधानमन्त्री पोखरेललाई सहयोग गर्न संसद्मा विशेष समिति गठन गर्नुपर्ने थापाले बताए। उक्त समितिले बनाएको कार्ययोजना र अनुगमनलाई प्रभावकारी बनाउन विशेष समितिले काम गर्ने उनको भनाइ छ ।

३. ट्राभल ट्र्याक गर्नुपर्छ

कोरोनाभाइरस संक्रमित देशबाट पनि नेपालमा मानिसहरू आइरहेकाले त्यस्ता मानिस आउन नदिन सरकारले काम गर्नुपर्ने थापाले बताए ।

इटली, जापान, इरानबाट १ हजार तीन सय ७८ जना नेपाल आएको तथ्य पेस गर्दै थापाले ती मानिस अहिले कहाँ छन् भन्ने सरकारलाई थाहा नभएकाले ट्राभल ट्र्याक गर्नसक्ने व्यवस्था गर्न माग गरे ।

उनले भने, 'कुन देशबाट नेपाल आएकालाई क्वारेनटाइनमा राख्ने भन्ने प्रष्ट कार्ययोजना हुनुपर्छ। भारतलगायत देशले भिसा रद्द गरेका छन्। हामीले पनि कोरोना संक्रमित देशका नागरिकलाई भिसा रोक्नेजस्ता काम गर्नुपर्छ ।'

उनले प्रत्येक नागरिकले सकेसम्म आफ्नो ट्राभल बाँकी पृष्ठ २ मा

# भारतीय राजदूत सक्रिय



**मध्यान्ह संवाददाता**
काठमाडौं, २३ फागुन

नवनियुक्त भारतीय राजदूत विनयमोहन क्वात्राले सक्रियता बढाएका छन्। आइतबार काठमाडौं आएका भारतीय राजदूत क्वात्राले राजनीतिक भेटघाटलाई तीव्रता दिएका छन् । उनले २ दिनमै सात जना नेतालाई भेटिसकेका छन्। बिहीबार राष्ट्रपति विद्यादेवी भण्डारीलाई ओहदाको प्रमाणपत्र बुझाएलगत्तै क्वात्राले राजनीतिक भेटघाटलाई तीव्रता दिएका हुन् । बिहीबार क्वात्राले राष्ट्रपति भण्डारी, उपराष्ट्रपति नन्दबहादुर पुन, उपप्रधानमन्त्री ईश्वर पोखरेलसँग भेटवार्ता गरेका थिए। परराष्ट्रमन्त्री प्रदीप ज्ञवालीलाई पनि उनले बिहीबार नै भेटेका छन् ।

भोलिपल्ट शुक्रबार उनले नेकपा नेता एवम् पूर्वप्रधानमन्त्री माधवकुमार नेपालसँग उनकै निवासमा भेटवार्ता गरेका छन् । त्यसपछि ऊर्जामन्त्री वर्षमान पुनसँग भेघाट गरे। उनले मन्त्री पुनसँगको भेटमा विद्युत् प्रसारणलाइनका विषयमा चर्चा गरेका थिए । शुक्रबार नै क्वात्रा प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवालाई भेट्न बूढानीलकण्ठ पुगेका थिए। उनको गति, छरितो ज्यान र हाउभाउ पूर्वराजदूत मञ्जीवसिंह पुरीभन्दा निकै फरक देखिन्छ। क्वात्राको यो गतिले दुई देशबीचको सम्बन्धमा नयाँ आयाम ल्याउने हो वा पहिले भन्ने गरिएजस्तो 'हस्तक्षेपकारी' बनाउने हो, आउँदा दिनमा थाहा हुने नै छ ।

यसैबीच, क्वात्राले राष्ट्रियसभा अध्यक्ष गणेशप्रसाद तिमिल्सिनासँग पनि भेटवार्ता गरेका छन् । तिमिल्सिनाको कार्यकक्ष सिंहदरबारमा भएको भेटमा दुई देशको सम्बन्ध, साझेदारी, सहकार्यलगायतका विषयमा कुराकानी भएको छ । भेटमा अध्यक्ष तिमिल्सिनाले नवनियुक्त राजदूत क्वात्रालाई नेपालका लागि राजदूतमा नियुक्त भएकोमा बधाई दिँदै सफल कार्यकालको शुभकामना दिए । 'नेपाल र भारतबीच लामो समयदेखि सामाजिक, सांस्कृतिक, धार्मिक, आर्थिक तथा जनस्तरको सम्बन्ध सुमधुर रहँदै आएको छ', अध्यक्ष तिमिल्सिनाले भने, 'नेपाल र भारतबीचको बाँकी पृष्ठ २ मा

# प्रधानमन्त्रीको स्वास्थ्य सामान्य

**मध्यान्ह संवाददाता**
काठमाडौं, २३ फागुन

प्रधानमन्त्री केपी शर्मा ओलीको स्वास्थ्यमा अपेक्षाकृत सुधार आएको त्रिवि शिक्षण अस्पतालका कार्यकारी निर्देशक प्रा.डा. प्रेमकृष्ण खड्गाले जानकारी दिएका छन् । शुक्रबार अपराह्न विज्ञप्ति निकालेर उनले प्रधानमन्त्री ओलीलाई ठोस आहार खुवाउन सुरू गरिएको जानकारी दिएका हुन् । खड्गाले भनेका छन्, 'शुक्रबारदेखि उहाँलाई हिँड्डुल गराउन थालिएको छ। ठोस आहार पनि दिन थालिएको छ । उहाँको स्वास्थ्य अवस्थामा अपेक्षाकृत सुधार भइरहेको छ ।'



साथै प्रधानमन्त्री ओलीलाई मिर्गौला दिएकी समीक्षा संग्रौलालाई पनि ठोस आहार दिन थालिएको उनले बताए । संग्रौलाको स्वास्थ्यमा पनि सुधार भइरहेको उनले बताए । प्रधानमन्त्रीको आत्मबल मिर्गौला प्रत्यारोपण गर्नुभन्दा अगाडिको जस्तै रहेको र स्वास्थ्यमा पनि क्रमिक सुधार हुँदै आएको मिर्गौला प्रत्यारोपण सर्जन डाक्टर प्रेम ज्ञवालीले बताए ।

# कांग्रेसमा ११ केन्द्रीय सदस्य मनोनित

**मध्यान्ह संवाददाता**
काठमाडौं, २३ फागुन

पार्टी एकता गरेर मिसिएका तत्कालीन नेपाल लोकतान्त्रिक फोरमतर्फका ११ जनालाई नेपाली कांग्रेसले केन्द्रीय कार्य समितिमा मनोनित गरेको छ । पार्टीको सांगठनिक संरचना समायोजन गर्नका लागि गरिएको सहमतिअनुसार तत्कालीन फोरमका ११ जनालाई तर्फबाट सभापति शेरबहादुर देउवाले केन्द्रीय सदस्यमा मनोनित गरेका हुन् ।

शुक्रबार देउवाले मनोनित गरेका सदस्यहरूमा रामजनम चौधरी (कैलाली), मो. नसिर सिद्धिकी (सिराहा), भारतेन्दुकुमार मल्लीक (झापा), हेमराज तातेड (सप्तरी), श्री गोपाल दहित (बर्दिया), मंगलप्रसाद थारु (बर्दिया), योगेन्द्र चौधरी (दाङ्ग), हरिप्रसाद न्यौपाने (मोरङ्ग), सुमित्रा थरुनी (सुनसरी), कल्पना चौधरी (सुनसरी) र पवनकुमार सारडा (मोरङ्ग) रहेका छन् ।

तत्कालीन नेपाल लोकतान्त्रिक फोरमलगायत अन्य राजनीतिक दलको सांगठनिक संरचना समायोजनका लागि पार्टीद्वारा गठित समायोजन समितिको बैठकको निर्णयबाट यस सम्बन्धमा सिफारिस गरिएको पार्टी कार्यालयका मुख्यसचिव कृष्णप्रसाद पौडेलले जानकारी दिए । ०७४ असोज २९ गते काँग्रेसमा विलय हुँदा भएको



सहमतिअनुसार फोरमलाई केन्द्रमा उपसभापतिका साथै ११ केन्द्रीय सदस्य दिने सहमति भएको थियो।

गच्छदार ०७५ कात्तिक २० गते काँग्रेस उपसभापतिमा मनोनित भएका थिए भने ०६७ असोजमा उनलाई ११ जना केन्द्रीय सदस्यको नाम पठाउन भनिएको थियो। उनले आज नाम पठाएपछि देउवाले मनोनयन बाँकी पृष्ठ २ मा

### सरोकारवालासँग मन्त्रालयमा छलफल

# श्रमस्वीकृति पूर्ववत् गर्ने निष्कर्ष

**मध्यान्ह संवाददाता**
काठमाडौं, २३ फागुन

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले वैदेशिक रोजगारीमा जाने कामदाहरूको श्रमस्वीकृति पूर्ववत् सञ्चालन हुने प्रष्ट पारेको छ। शुक्रबार मन्त्रालयमा आयोजित सरोकारवालाहरूसँगको छलफलपछि मन्त्रालयले खाडी मुलुक, जापान, कोरियालगायतका देशमा पूर्ववत् श्रमस्वीकृति दिने निष्कर्ष निकालेको हो ।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघका महासचिव सुजितकुमार श्रेष्ठले मन्त्रालयमा आयोजित संघ र घटक संस्थाहरूका प्रतिनिधि सम्मिलित बैठकले श्रमस्वीकृतिलाई पूर्ववत् सञ्चालन गर्नु उचित हुने निष्कर्ष निकालेको मध्यान्हलाई जानकारी दिए ।

'कोरोना भाइरस (कोभिड-१९) को त्रासपछि श्रमस्वीकृतिलाई लिएर अनेक प्रचारवाजीहरू भएका थिए,' श्रेष्ठले मध्यान्हसँग भने, 'यसै सन्दर्भमा श्रम मन्त्रालयले सरोकारवालासँग गरेको छलफलमा पूर्ववत् रूपमै श्रमस्वीकृति गर्ने निष्कर्ष निकालेको छ ।'

श्रममन्त्री रामेश्वर राय यादव, सचिव विनोद केसीसँगै सहसचिवलगायत सम्मिलित बैठकका सहभागीहरूले रोजगारीका लागि नेपाली जाने देशहरू प्राविधिक रूपमा उन्नत र आधुनिक तथा सचेत रहेकाले ती मुलुकहरूले कामदार आवागमन बन्द गर्ने निर्णय नगरेसम्म नेपालबाट श्रमस्वीकृति रोक्न उचित नहुने धारणा राखेका थिए ।

व्यवसायीहरूले मन्त्रालयसँग कामदार पठाउने नेपालका छिमेकी मुलुकहरूले लिने निर्णयको समेत समीक्षा गर्न मन्त्रालयलाई सुझाएका थिए ।

यसै हप्ता श्रममन्त्री यादवलाई उद्धृत गर्दै श्रमस्वीकृति बन्द भएको समाचार सार्वजनिक भएपछि यसबारे व्यापक अन्योलता उत्पन्न भएको थियो । अन्योलतापछि कतारस्थित नेपाली राजदूतावासले बिहीबार एक विज्ञप्ति नै जारी गरेर बिदामा नेपाल आएकालाई साविककै काममा फर्कन नरोकिएको प्रष्ट पारेको थियो ।

विदेशस्थित नेपाली दूतावासहरूले रोजगारीमा रहेका नेपाली कामदारहरूलाई उच्च सतर्कता अपनाउन आग्रह गरेका छन् । संयुक्त अरब इमिरेट्स (यूएई) को दुबईस्थित नेपाली दूतावासले त्यहाँ रहेका नेपालीहरूलाई कोरोनाभाइरसको संक्रमणबाट जोगिन सतर्क गराएको हो ।

नेपाली दूतावासद्वारा जारी विज्ञप्तिमा यूएईमा रहेका कामदार तथा पेसा व्यवसाय गरी बसेका नेपालीहरूलाई संक्रमणप्रति सजग रहन भनिएको छ । दूतावासले सार्वजनिक स्थल वा कामबाट फर्केपछि कपडा फेरेर साबुन पानीले हात धुन, काम नपरेसम्म भीडभाड हुने ठाउँमा नजानलगायतका सुझाव दिएको छ ।

चीनको वुहान प्रान्तबाट तीन महिनाअघि सुरु भएको कोरोना चीनबाट दक्षिण कोरिया, अमेरिका, जापान, यूरोपलगायत ८५ भन्दा बढी देशमा फैलिसकेको छ । विश्वभरका करिब ९४ हजारलाई संक्रमण भएको छ। यसबाट हालसम्म ३ हजार १ सय ९९ जनाभन्दा बढीको ज्यान गएको बीबीसीले जनाएको छ ।

**वैदेशिक रोजगार विशेष**

## साउदीमा घरेलु महिला कामदार नपठाऊ : एनआरएनए

गैरआवासीय नेपाली संघ (एनआरएनए), साउदी अरेबियाले नेपाली महिलालाई घरेलु कामदारका रूपमा साउदी अरबमा नपठाउने निर्णयलाई नै निरन्तरता दिन सुझाव दिएको छ ।

खाडीका विभिन्न चार मुलुकका घरेलु कामदारको अवस्था बुझ्न स्थलगत भ्रमणमा रहेको संसदीय टोलीलाई एनआरएनए साउदी अरेबियाले यस्तो सुझाव दिएको हो ।

साउदी अरेबियाले घरेलु कामदारका रूपमा आउने महिलाको सुरक्षामा पर्याप्त सतर्कता नअपनाएकाले यसअघिको निर्णयलाई नै निरन्तरता दिनुपर्ने सुझाव एनआरएनएले दिएको जानकारी टोलीका एक सहभागीले दिए । त्यस्तै, घरेलु कामदार श्रम कानूनअन्तर्गत नरहेकाले मानव अधिकार र सुविधाको सुनिश्चिततामा पनि एनआरएनएले जोड दिएको छ ।

घरेलु कामदारको अवस्थाबारे अध्ययन गर्न संसद्को उद्योग, वाणिज्य, श्रम तथा उपभोक्ता हित समितका सभापति विमल प्रसाद श्रीवास्तव नेतृत्वको टोली यतिबेला साउदी अरबमा छ । राष्ट्रिय मानवअधिकार आयोगका आयुक्त सुदीप पाठकलगायत सम्मिलित टोली यसपछि ओमान जाने सेड्युल छ ।

## कालोबजारीलाई कारबाही

**मध्यान्ह संवाददाता**
काठमाडौं, २३ फागुन

कोरोना भाइरसको प्रकोपको मौकामा हुनसक्ने कालोबजारीको गृह मन्त्रालयले अनुगमन गर्ने भएको छ। शुक्रबार गृह मन्त्रालयमा गृहमन्त्री रामबहादुर थापाको अध्यक्षतामा बसेको बैठकले अत्यावश्यक सामाग्रीको आपूर्ति व्यवस्थापनमा सहजीकरण गर्ने साथै महँगी तथा कालाबजारीको नियन्त्रण गर्न बजार अनुगमन गर्ने निर्णय गरेको हो ।

बैठकले कोरोना प्रभाव न्यूनीकरण गर्न पूर्वतयारी स्थितिमा रहने, देशको सीमा नाकाहरूमार्फत आवतजावत गर्नेहरूमाथि सुरक्षाकर्मीले थप निगरानी बढाउने तथा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको समन्वयमा परीक्षण गर्न सहयोग गर्ने, र जनमानसमा कोरोना भाइरससम्बन्धी जनचेतना बढाउन सूचनाहरू सम्प्रेषण गर्ने निर्णय पनि गरेको गृह मन्त्रालयले जनाएको छ ।

बैठकमा गृह सचिव महेश्वर न्यौपाने, नेपाल प्रहरी, सशस्त्र प्रहरी, राष्ट्रिय अनुसन्धान विभागका प्रमुख, नेपाली सेनाका उपरथी प्रभुराम शर्मा, स्वास्थ्य मन्त्रालयका प्रतिनिधिलगायत उपस्थित थिए ।

यसैबीच, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्री लेखराज भट्टले अहिलेको अवस्थामा एक महिनासम्म ग्यासको अभाव नहुने बताएका छन् । बजारमा दैनिक उपभोग्यवस्तु र ग्यासको अभाव हुने हल्लाहरू फैलिएको बाँकी पृष्ठ २ मा

स्वास्थ, सवल र समृद्ध नेपालको प्रतिवद्धताः लागू औषध अपराध विरूद्धको ऐक्यबद्धता

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# 'संसद्‌लाई भ्रममा पार्ने प्रतिवेदन तत्काल सच्याऊ'

**काठमाडौं/मस-** राष्ट्रियसभा, प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आवश्वासन समितिले झुठा प्रतिवेदन दिएर संसद्‌लाई भ्रममा पार्ने कोसिस गरेको जनाउँदै उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय र कम्पनी रजिष्ट्रार कार्यालयलाई तत्काल प्रतिवेदन सच्याएर जानकारी पठाउन निर्देशन दिएको छ।



शेयर खरिद-बिक्रीबारे कम्पनी रजिष्ट्रारको कार्यालयबाट भएको निर्णयका सम्बन्धमा संसद्‌लाई ढाकछोप गर्ने, भ्रममा पार्ने र झुक्याउने नियतले प्रतिवेदन दिने कोसिस भएको भनी सम्बन्धित अधिकारीलाई बोलाएर समितिले प्रतिवेदन सच्याउन निर्देशन दिएको सभापति रामनाराण बिडारीले जानकारी दिए।

क्रेता र विक्रेता दुवैको उपस्थितिमा मात्र शेयरको खरिद बिक्री गर्नु/गराउनु भनी तत्कालीन उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्रीको निजी सचिवालयको लेटरप्याडमा आदेशमार्फत कम्पनी रजिष्ट्रार कार्यालयलाई निर्देशन भएकोबारेमा परेको उजुरीका सम्बन्धमा समितिले जानकारी माग गरेको थियो।

मन्त्रीको निजी सचिवालयबाट गएको उक्त आदेश कानूनविपरीत रहेको भनी समितिमा उजुरी परेको थियो। उजुरी परेपछि समितिले मन्त्रालय र कम्पनी रजिष्ट्रारको कार्यालयबाट सुशासन ऐनअन्तर्गत रही मन्त्रीको आदेश कार्यान्वयन गरिएको जानकारी समितिलाई पठाएको थियो।

त्यस बीचमा समितिले मन्त्री र सचिवसँग पनि छलफल गरी निजी सचिवालयको लेटरप्याडमा जारी गरेको आदेशलाई कानूनका रूपमा मान्न नसकिने जानकारी गराउँदै त्यसलाई सच्याउन सुझाव दिएको थियो। समितिले उक्त आदेशलाई प्रशासनिक हिसाबले मात्र होइन, प्रत्यायोजित विधायनको दृष्टिकोणबाट कार्यान्यन गर्न नमिल्ने जनाउ दिँदै आवश्यक भएमा ऐन संशोधनका लागि पठाउनु भनेको थियो।

निर्देशन कार्यान्यन भयो/भएन भनी गरेको ताकेतामा रजिष्ट्रारको कार्यालयले कम्पनी ऐनको दफा १६ अनुसार निर्देशिका बनाएर काम गरेको भनी भ्रम पार्ने ढंगबाट जानकारी प्रतिवेदन पठाएको भन्ने समितिले ठहर गरेपछि प्रतिवेदन सच्याउन निर्देशन दिएको हो। कम्पनी ऐन कम्पनी रजिष्ट्रारको कार्यालयलाई अभिलेख राख्ने मात्र अधिकार दिएको छ।

यद्यपि, पूँजीबजारमा हुनसक्ने अनेकौं विकृतिलाई निस्तेज तुल्याउन ठूलो परिमाणको शेयर खरिद बिक्रीमा क्रेता र विक्रेता दुवै उपस्थित हुनुपर्ने अभ्यास अघि बढाउन खोजिएको देखिन्छ। बनाउँदै नबनाएको निर्देशिकाका आधारमा काम गरेको भनी दिएको जानकारी प्रतिवेदन सच्याउन र सच्याएको जानकारी दिन सुझाव दिएको बताउँदै सभापति बिडारी भन्छन्, 'समितिको निर्देशन पालना नभएको खण्डमा विशेषाधिकार लागू हुन्छ।'

'पहिला मन्त्रीले तोकादेश भन्नेपछि निर्देशिका जारी गरेर काम गरिएको हो भनी पठाइएको प्रतिवेदन संसद्‌लाई झुक्याउने ढंगबाट आएको छ, त्यसलाई सच्याउनुपर्छ,' सभापति बिडारी भन्छन्। समितिले मन्त्रालयका सहसचिव भूवनहरि अर्याल र कम्पनी रजिष्ट्रार कार्यालयका सूचना अधिकृत सन्तोषकुमार दाहाललाई बोलाएर उक्त निर्देशन दिएको हो।

यसैबीच, कानूनका स्रोत नै उल्लेख नगरी प्रत्यायोजित विधायन बनेका, नियम, कानून र कार्यविधि, निर्देशिका सबै एकैपटक जारी गर्न सकिने भनी ऐनमै समावेश गरी ल्याउने घटना कतिपय प्रदेशमा कानून बनाउने क्रममा देखिएकोबारे पनि समितिले विज्ञसँग छलफल गरेको थियो। आर्थिक तथा प्रत्यायोजितसम्बन्धी टिप्पणी उपयुक्त ढंगबाट नआउने गरेको सम्बन्धमा कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको ध्यानाकर्षण गर्ने निर्णय पनि समितिले गरेको छ।

लामो समयसम्म नियमावली नबन्ने अवस्थाको अन्त्य गरी ९० दिनभित्र बनाई सक्नुपर्ने विषयमा समितिले कानून मन्त्रालयको नेतृत्वसँग छलफल गर्ने भएको छ। समितिले प्रत्यायोजित विधायनलाई कसरी व्यवस्थित गर्ने भन्ने विषयमा असल अभ्यास गरेका मुलुकबाट अनुभव लिएर बेग्लै ऐन तर्जुमाको तयारी पनि गरेको छ।

# औषधि अभाव नहुने




**काठमाडौं/मस-** नेपाल औषधि उत्पादक संघले नेपालमा उत्पादन हुने औषधि तीन महिनासम्म पुग्ने मौज्दात रहेको जनाउँदै औषधिको अभाव हुन नदिने आश्वस्त पारेको छ। विश्वभर फैलिरहेको कोरोना भाइरस (कोभिड-१९) को प्रभावपछि भारतले २६ उत्पादन र कच्चापदार्थको निर्यातमा रोक लगाएपछि नेपालमा पनि सम्बन्धित औषधिको कमी हुने हल्लाका बीच संघले औषधिको कमी हुन नदिने जनाएको हो।

संघले शुक्रबार पत्रकार सम्मेलन गरी तीन महिनाभन्दा बढी समयको सामान्य बजारका लागि आवश्यक औषधि, कच्चा पदार्थ, सहायक कच्चापदार्थ एवं प्याकिङ मेटेरियल मौज्दात रहेको जनाएको छ। सम्मेलनमा संघका अध्यक्ष जि नारायणबहादुर क्षेत्रीले भूकम्प, नाकाबन्दीजस्ता विपद्‌को समयमा पनि औषधि अभाव हुन नदिएको अवगत गराउँदै अहिले चीनबाट पनि कच्चापदार्थ आइरहेको बताए।

उनले भने, 'भारत र चीन हामीलाई व्यापारिक दृष्टिकोणले सरल भएकाले हामीले धेरैजसो कच्चा पदार्थ त्यहाँबाट खरिद गर्ने गरेका हौँ, विश्वका अन्य मुलुकमा पनि कच्चा पदार्थ बन्ने र हामी जुनसुकै मुलुकबाट कच्चापदार्थ खरिद गरी औषधिको अभाव हुन दिने छैनौं।'

नेपालमा हाल एलोपेथिक औषधिका ६२ उद्योग सञ्चालनमा छन् भने ४२ अन्य नयाँ उद्योग निर्माणाधीन छन्। संघका महासचिव विप्लव अधिकारीले नेपालमा सरकारले विपद्‌मा मात्र औषधिको महत्व बुझ्ने गरेको बताउँदै देशलाई औषधिमा आत्मनिर्भर बनाउनुपर्नेमा वर्तमान परिस्थितिले सबैमा सचेतना बढोस् भने।

उनले हालको स्थितिमा लगभग ७५ प्रतिशत औषधिमा विदेशी कम्पनीलाई आग्रह गर्नुपर्ने अवस्था नरहेको जनाउँदै निजी औषधि उद्योगसँग सरकारले सहकार्य गरेमात्र पुग्ने बताए। संघका निवर्तमान अध्यक्ष दीपकप्रसाद दाहालले विदेशी औषधिलाई हार गुहार गर्नुको सट्टा सरकारले नेपाली उत्पादक संघसँग सहकार्य गर्न आग्रह गर्दै आफूहरु नेपाल र नेपालीलाई सहज, सुलभ र गुणस्तरीय औषधि पुऱ्याउन सदैव तत्पर र सक्षम रहेको स्पष्ट पारे। नेपाल हाल करिब ४५ प्रतिशत औषधिमा आत्मनिर्भर छ भने बाँकी औषधि विभिन्न मुलुकबाट आयात हुने गरेको छ। गत वर्ष मुलुकमा स्वदेशी र विदेशी गरी करिब रु ७० अर्ब मूल्य बराबरको औषधि खपत भएको संघले जनाएको छ।

## कांग्रेसमा...

गरेका हुन्। योसँगै काँग्रेसको केन्द्रीय समितिमा पदाधिकारीसहित निवर्वाचित ८५ जना, मनोनित ८ जना, थप ५ जना शनिबार मनोनित सोमबार ८ जना मनोनित आमन्त्रित सदस्यसहित अब काँग्रेसको केन्द्रीय समितिको आकार बढेर १ सय १८ सदस्यीय बनेको छ।

## कोरोनाबारे...

रेकर्ड राख्नुपर्ने बताए। 'प्रत्येक नागरिकलाई सकेसम्म ट्राभल रेकर्ड राख्न सरकारले आग्रह गर्नुपर्छ,' उनले भने, 'सरकारले नै भन्नुपर्छ यो रेकर्डले भविष्यमा नागरिकलाई नै सहयोग गर्छ।'

४. वैदेशिक भ्रमण रोक्नुपर्छ

थापाले वन मन्त्री स्पेन रहेको र केही सांसद् जापान गएको भन्दै भ्रमण पनि रोक्नुपर्ने सुझाव दिएका छन्। सरकारले स्वदेशमै भीडभाड, भोजभतेर नगर्न आग्रह गरिरहेका बेला मन्त्री तथा सांसद् नै वैदेशिक भ्रमणमा गएका हुन्।

५. नागरिकलाई सूचित गर्ने एकै प्लेटफर्म

धेरै थरीका सूचनाले नागरिकमा भ्रम सिर्जना भइरहेकाले एकै प्लेटफर्मबाट सरकारले सूचना जारी गर्नुपर्ने उनले बताए। 'मान्छे त्रसित होइन, सचेत हुनुपर्छ,' उनले भने, 'स्वास्थ्य मन्त्रालयले एउटा प्लेटफर्म बनाउने र त्यहाँबाट सूचित गर्नुपर्छ। सञ्चार माध्यम र पत्रकारले पनि सहयोग गर्नुपर्छ।'

६. कालाबजारीलाई कडा दण्ड

सरकारले बजार अनुगमनलाई तीव्र पार्नुपर्ने उनले बताए। कालोबजारी गरेको भेटिए कडा दण्ड दिनुपर्ने उनले उल्लेख गरे। सरकारले खाद्यान्नलगायतको आपूर्ति प्रणाली बिग्रन नदिने गरी काम गर्नुपर्ने र नागरिकको विश्वास जित्नुपर्ने उनले बताए।

७. औषधिमा आत्मनिर्भर गर्न सहयोग गर्नुपर्छ

थापाले स्वदेशमै औषधि उत्पादन गर्न सकिने भएकाले कच्चा पदार्थ आयातमा सरकारले सहयोग गर्नुपर्ने पनि बताए। उनले भने, 'मास्क उत्पादनका लागि कानून थिएन। ०७४ वैशाख २५ मा निर्देशिका पारित भएको थियो, सरकारले कार्यान्वयन नगर्दा स्वदेशमै पुग्नेगरी उत्पादन हुन सकेको छैन।'

८. अर्थतन्त्र कमजोर हुनसक्छ, विकल्प खोजौं

उनले कोरोना भाइरस संक्रमणपछि नेपालमा रेमिट्यान्स कम भएको बताए। मानिसको आवतजावत कम हुँदा होटल प्रभावित भइसकेको छ। अब बैंक प्रभावित हुन सक्छ। थापाले अर्थतन्त्रबारे सोच्नुपर्ने, अनुसन्धान गरी विकल्प खोजी गरिनुपर्ने पनि बताए।

९. ल्यावको क्षमता वृद्धि

संक्रमण भए/नभएको पत्ता लगाउने ल्याबको क्षमतामा वृद्धि गर्नुपर्ने थापाको अर्को सुझाव छ। राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामा चौबीसै घण्टा काम गर्ने हो भने र दुइटा निजी ल्याबसँग सहकार्य गर्ने हो भने १ हजार ६ सय जनाको परीक्षण गर्न सकिने अवस्था अहिले रहेको उनले बताए।

१० स्वास्थ्यकर्मीलाई बीमा र भत्ता

उनले स्वास्थ्यकर्मीलाई बीमा र प्रोत्साहन भत्ता उपलब्ध हुनुपर्ने बताए। क्षमता अभिवृद्धिका लागि तालिम दिन पनि उनले आग्रह गरे। दक्ष जनशक्ति पर्याप्त मात्रामा तयार पार्न पनि थापाले सुझाव दिए।

उनले भने, 'आवश्यक सामग्री छैन। विमानस्थलमा मास्कको भरमा बस्नुपर्ने अवस्था छ।'

११. आइसोलेसन

अस्पतालमा रहेका बेडलाई आइसोलेसन बनाउन मिल्ने उनले बताए। विकल्पका रूपमा होटल, विद्यालयमा पनि आइसोलेसनका लागि तयार राख्नुपर्ने थापाको भनाइ छ। उनले 'क्रिटिकल केयर सुविधा दिनुपर्ने हुनसक्छ। निजी अस्पतालसँग पनि सरकारले सहकार्य गर्नुपर्छ।' उनले कोरोना भाइरस नेपाल भित्रिएको छैन भनेर ढुक्क बस्न नहुने बताए। 'पूर्वतयारीका लागि नेपालले समय पाएको छ। यो समय खेर फाल्न हुँदैन,' थापाले भने, 'नागरिकलाई तर्साउनभन्दा सचेत बनाउन सरकारले भूमिका निर्वाह गर्नुपर्छ।'

## भारतीय...

बहुआयामिक सम्बन्धलाई थप सुदृढ तुल्याउन यहाँको भूमिका महत्वपूर्ण हुने विश्वास लिएको छु।' त्यसैगरी, राजदूत क्वात्राले भेटका क्रममा नेपाल र भारतको सम्बन्ध सरकार, संसद र जनस्तरमा उच्च रहेको बताए। उनले दुई देशबीचमा भएका उच्चस्तरीय भ्रमणले नेपाल र भारत छिमेकी मात्र नभई समृद्धिका साझेदार भएको धारणा राखे। राजदूत क्वात्राले दुई देशका संसदबीचको सम्बन्ध र सहकार्यलाई अभिवृद्धि गर्न उच्चस्तरीय संसदीय भ्रमण हुनुपर्ने बताएका छन्।

## कालो...

बेला मन्त्री भट्टले एक महिनासम्म ग्यासको अभाव नहुने बताएका हुन्। मन्त्रालयमा शुक्रबार पत्रकार सम्मेलन गरी मन्त्री भट्टले ६ महिनासम्म पुग्ने खाद्यान्न, १० महिनालाई पुग्ने नुन र एक महिनालाई पुग्ने ग्यास अहिले पनि स्टक रहेको बताए। शुक्रबार बिहानमात्रै नेपाल खाद्य व्यवस्था तथा व्यापार कम्पनी, साल्ट ट्रेडिङ, नेपाल आयाल निगमलगायतका संस्थाहरूसँग रिपोर्ट मागिएको र व्यवसायीहरूले दिएको रिपोर्टले पनि कुनै कुराको अभाव नहुने देखाएको उनले जनाए। मन्त्री भट्टले बजारमा लसुनको मूल्य बढेकाले केही अभाव रहेको र अरू कुनै पनि वस्तुमा अहिलेसम्म मूल्यवृद्धि नभएको बताए।

**माइग्रेसन हरायो**

मिति २०७६/१०/२० गते नयाँ बानेश्वरबाट चावहिलसम्म जाँदा मेरो माइग्रेसन सर्टिफिकेट हराएकोले पाउनुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा बुझाई दिनु हुन अनुरोध गर्दछु।

नाम : सुशिला गौतम
ठेगाना : थानापाटी -0३, गुल्मी
सिम्बोल नं. : २७६०८३९९
रजिष्टेशन नं. : ६७४६०२१४४
फोन : ९८५११५५०१२

# शान्ति सेनामा नेपाल चौथो

**मध्यान्ह संवाददाता**
काठमाडौं, २३ फागुन



संयुक्त राष्ट्र संघको अगुवाइमा शान्ति स्थापनार्थ विभिन्न देशमा धेरै सुरक्षाकर्मी पठाउने देशको सूचीमा नेपाल चौथो स्थानमा उक्लिएको छ। पछिल्लो तथ्यांकअनुसार विभिन्न १२ द्वन्द्वग्रस्त मुलुकमा नेपालका ५ हजार ६ सय ५८ सुरक्षाकर्मी अहिले खटिइरहेका छन्। यसमा नेपाली सेना पाँच हजार ९६ तथा नेपाल प्रहरी र शसस्त्र प्रहरी पाँच सय ६२ जना छन्।

शान्ति स्थापनार्थ विभिन्न एक सय २२ देशले सुरक्षाकर्मी पठाउने गरेका छन्। नेपालले अघिल्लोपटकको तुलनामा एक स्थान सुधार गरेको हो। नेपालले पहिलोपटक सन् १९५८ मा शान्ति स्थापनार्थ सुरक्षाकर्मी पठाएको थियो, द्वन्द्वग्रस्त लेबनानमा।

त्यतिबेला नेपाली सेनाका पाँच जना सैनिक पर्यवेक्षक सहभागी थिए। त्यसयता नेपाली सेनाका मात्रै एक लाख २९ हजार ८ सय ९९ सुरक्षाकर्मी शान्ती मिसनमा गएका छन्। यीमध्ये एक हजार चार सय एक जना महिला सैनिक छन्। हाल एक सय ८१ महिला सैनिक शान्ति मिसनमा रहेको नेपाली सेनाले जनाएको छ।

# टुबोर्ग ललितपुर ट्याटू कन्भेन्सन शुरु

## आज सविन राईको प्रस्तुति

**ललितपुर/मस-** ट्याटु प्रेमी युवाहरूलाई लक्षित गरी रेन्बो जुम्बा एण्ड डान्स स्टुडियो र जेकेयस इन्टरटेन्टमेन्टले संयुक्त रूपमा आयोजना गरेको 'टुबोर्ग ललितपुर ट्याटू कन्भेन्सन' शुक्रबार शुरु भएको छ। कार्यक्रममा शुक्रबार मात्र ३५ जनाले ट्याटू खोपाएको र करिब सय जनाले पछि ट्याटू खोपाउन बुकिङ गरेको बताइएको छ।



नाखिपोटको बास्केटबल कोर्ट, ललितपुरमा आयोजना भइरहेको कार्यक्रमको उद्देश्य ललितपुरका ट्याटू कलाकारहरुलाई अवसर प्रदान गरेर ट्याटु कलाको प्रवर्द्धन गर्ने रहेको छ। साथसाथै ट्याटू कलाको महत्वबारे बुझाउने पनि कार्यक्रम आयोजना गरिएको कार्यक्रम संयोजक पूनम थापा सारुले बताइन्। कार्यक्रममा ललितपुरका स्थानीय ट्याटू कलाकारहरुले भाग लिएका छन्।

उक्त दुई दिने कायक्रममा मनोरञ्जन प्रदान गर्ने उद्देश्यका साथ नेपालका चर्चित कलाकार र साङ्गीतिक ब्याण्डले गीत संगीत प्रस्तुत गरेका छन्। यामन, दि मेमोरिया र आरक्षले शुक्रबार साङ्गीतिक प्रस्तुति दिएका छन् भने शनिबार सविन राई र फारो, नेपाली भ्लगर चेतनराज कार्की साथै लास्ट मिनेटले आ-आफ्नो प्रस्तुति दिने आयोजकले जानकारी दिएको छ।

# कृष्णनगरमा कोरोनाबारे जनचेतनामूलक कार्यक्रम

**इमरान खान/मध्यान्ह**
कपिलवस्तु, २३ फागुन



कृष्णनगर नगरपालिका वडा नं १ कार्यलय शिवानगरमा कोरोना भाइरस तथा सीमामा हुने गतिविधिहरुबारे जनचेतनामूलक कार्यक्रम सम्पन्न भएको छ। कार्यक्रममा कोरोना भाइरस संक्रमण रोकथाम गर्न अपनाउनु पर्ने उपायहरुबारे जानकारी दिइएको थियो।

सशस्त्र प्रहरी बल नेपाल नं.५ विन्ध्वासिनी बाहिनी रूपन्देहीले आयोजना गरेको उक्त कार्यक्रममा सीमा नाकामा बढ्दै गएको आपराधिक घटनाको नियन्त्रण एवं न्यूनिकरणका लागि अपनाउनुपर्ने सतर्कताबारे समेत जानकारी गराइएको थियो।

स.प्र.बल नेपाल ३९ गुल्म हेडक्वाटर (राजश्व तथा भन्सार गस्ती सुरक्षा) कपिलवस्तुले सञ्चालन गरेको कार्यक्रममा सोही गुल्मका गुल्मपती शसस्त्र प्रहरी नायब उपरिक्षक सुशील कुमार शाही, आफन्त नेपालका प्रमुख केशर विश्वकर्मा, वडा अध्यक्ष तुंगनाथ चौधरी, व्यपार संघ पूर्व अध्यक्ष गुरुशरण सिंह छाबडा (बंटी)सरदार, शेख जैस मक्की, कृष्णनगरका बुद्धजीवी, अध्यापक, पत्रकार लगायतको उपस्थिति रहेको थियो।

**कतार र साउदीमा रोजगार**

१. कम्पनी: ABU TAYIAB TRADING, CONTRACTING & SERVICES WLL — शहर : DOHA
पुर्व स्वीकृत मितिः २०७६/११/२३ — चलानी नं.: ६०१५३१५९ — L.T. No.: 234546

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 3 | 0 | सम्बन्धित काममा दक्ष | 900 | २८,९२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Brick Mason | 1 | 0 | | 1100 | ३५,३५५ | | | | | | | |
| 3. | Carpenter | 1 | 0 | | 1100 | ३५,३५५ | | | | | | | |
| 4. | Representative | 1 | 0 | | 2200 | ७०,७१० | | | | | | | |

२. कम्पनी: YABRAQ CAR WASH — शहर : RIYADH
पुर्व स्वीकृत मितिः २०७६/११/२३ — चलानी नं.: ६०१५३१५८ — L.T. No.: 234700

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Vehicle Washing And Lubrication Labour | 1 | 0 | स. काममा दक्ष | 1000 | ३१,१९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा चैत २ गते (15 March 2020) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. कामका विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

अल-हरमैन एच.आर. प्रा. लि.
श्रम इजाजत पत्र नं.: ११६०/०७३/०७४
पो.ब.नं. २१२५३, सिनामंगल-९, काठमाडौं, नेपाल, फोन: ०१-४११०९१२
Email: alharmainhr@gmail.com, info@alharmain.com.np, Web: www.alharmain.com.np

**OMAN मा रोजगारको अवसर**

कम्पनी : NAJED AL AHLIYA — शहर : OMAN
पूर्व स्वीकृत मितिः २०७६/११/२२ — चलानी नं.: ६०१५१२९५ — LT. No.: 232330

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Welder Assistant | 20 | 0 | सम्बन्धित काममा दक्ष | 150 | ४५,९६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Maintenance Mechanic | 5 | 0 | | 200 | ६१,२८० | | | | | | | |
| 3. | Welder General | 25 | 0 | | 170 | ५२,०९० | | | | | | | |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

अन्तर्वार्ता मेनपावर कार्यालय, सुकेधारा, काठमाडौंमा चैत्र १ र २ गते (14 & 15 March 2020) मा हुनेछ।

बैदेशिक रोजगार विभागबाट गराएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. कामका विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला।

ईजाजत न.: ४०७/०६०/०६१
Seagull International Global H.R. Consultants Pvt. Ltd.
(Birad Associates Pvt. Ltd.)
Sukedhara-4, Kathmandu, Nepal, Tel : 4375822, 4375824,
Mob.: 9841781155, 9813198481, 9808265859, 9842692598, 9805277646
E-mail: infobiraddocumentation@gmail.com

**कतारमा रोजगार**

कम्पनी: PROJECT ENGINEERING WORKS & CONTRACTING — शहर : DOHA
पूर्व स्वीकृत मितिः २०७६/११/२२ — चलानी नं.: ६०१५३०५१ — LT. No.: 234601

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 4 | 0 | स. काममा दक्ष | 900 | २८,९२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा चैत २ गते (15 March 2020) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. कामका विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगर सम्पर्क गर्नुहोला।

Kalika Human Resource Pvt. Ltd
Gov. Lic No. 1331/074/075
Basundhara, Kathmandu, Tel : 4365281, 4363238
Email : kalikahuman1331@gmail.com, Web.: www.kalikahuman.com.np

## वार्षिक परीक्षा सर्‍यो

# एसईई तोकिएकै मितिमा

**राजन बस्नेत/मध्यान्ह**
दोलखा, २३ फागुन

कोरोना भाइरसको त्रासका कारण दोलखाका सामुदायिक विद्यालयहरुको वार्षिक परीक्षा तोकिएको मिति भन्दा अघि सरेको छ । सामुदायिक विद्यालयका कक्षा १ देखि ९ सममको वार्षिक परीक्षा चैत १ गतेबाट शुरु हुने भएको छ ।



कोरोना भाइरस विश्वको ६५ भन्दा बढी देशमा फैलिसकेको अवस्थामा शिक्षा मन्त्रालयको निर्देशन अनुसार उच्च सतकर्ता अपनाउँदै परीक्षाको तालिका परिवर्तन गरिएको हो । यसअघि चैत ६ गतेबाट परीक्षा सञ्चालन हुने कार्यतालिका थियो । तर, संघीय सरकारको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले सुचना जारी गर्दै विश्वभर कोरोना भाइरस (कोभिड-१९) को संक्रमण र त्रास बढ्दै गएका बेला आवश्यक सर्तकता अपनाउन विद्यालयगत रुपमा सञ्चालन हुने वार्षिक परीक्षा छिटो सञ्चालन गरी चैत ५ गतेभित्र सक्न निर्देशन दिएसँगै दोलखामा परीक्षा तालिका परिवर्तन गरिएको हो ।

एकीकृत विद्यालयस्तरीय परीक्षा समिति चरिकोट दोलखाले जिरी नगरपालिका बाहेक जिल्लाका ८ वटा पालिकामा विद्यालयहरुको परीक्षा तालिका चैत १ गतेदेखि ८ गते सम्पन्न गर्नेगरी निर्धारण गरेको छ । जसमा कक्षा ८ को पालिकास्तरीय परीक्षा पनि सोही मितिका लागि निर्धारण गरिएको भन्दै एकीकृत विद्यालयस्तरीय परीक्षा समिति दोलखाका अध्यक्ष राम बहादुर शिवाकोटीले त्यसमा पालिकाले समन्वय गर्नुपर्ने बताए ।

जिरी नगरपालिकाले भने पालिका मातहतका सामुदायिक विद्यालयको परीक्षा मिति फरक समयमा तय गरेको छ । नगरपालिकाको आधारभूत शिक्षा परीक्षा समितिको बैठकले कक्षा ८ को परीक्षा फागुन २७ गतेदेखि शुरु गर्ने गरी निर्णय गरेपछि कक्षा १ देखि ९ गते सम्मको परीक्षा पनि सोही मितिबाट शुरु गर्नेगरी मिति तय गरिएको जिरी माविका प्रधानाध्यापक केशवकुमार कार्कीले जानकारी दिए । जिरी नगरपालिकाभित्र फागुन २७ गते देखि सञ्चालन हुने परीक्षा शिक्षा मन्त्रालयको निर्देशन अनुसार चैत ५ गते सम्पन्न हुनेछ । नरपालिका भित्रका निजी र सामुदायिक विद्यालयमा एकै मितिमा परीक्षा सुरु हुनेछ । आगामी चैत ६ गतेबाट १५ गते सम्म विद्यालय परीक्षा (एसईई) हुने निर्धारित तालिका रहेको छ ।

कोरोना भाइरसको संक्रमण फैलने आशंकामा शिक्षा मन्त्रालयले विद्यालयमा सामुदायिक भेला, सेमिनार, गोष्ठी लगायतका कार्यक्रम नगर्न आग्रह गरे अनुसार दोलखामा पूर्व निर्धारित कार्यक्रमहरु धमाधम स्थगित भइरहेका छन् । जिल्लामा हुने भनिएको शैक्षिक सम्मेलन स्थगित भइसकेको छ भने विभिन्न विद्यालयको वार्षिकोत्सव पनि स्थगित भएको छ ।

दोलखाबाट एसईई परीक्षामा ३१४६ परीक्षार्थी सहभागी हुने

यो वर्षको माध्यमिक शिक्षा (एसईई) मा दोलखाबाट ३ हजार भन्दा बढी परीक्षार्थी सहभागी हुने भएका छन् । आगामी चैत ६ गतेदेखि शुरु हुने एसईई परीक्षामा दोलखाबाट ३ हजार १ सय ४६ परीक्षार्थी सहभागि हुने भएका हुन् । ती मध्ये १ हजार ७ सय २ जना छात्रा र १ हजार ४ सय ४४ जना छात्र रहेको छन् । जसअनुसार जिल्लामा नियमिततर्फ ३ हजार १ साय १ जना परीक्षार्थी परीक्षामा सहभागी हुँदै छन् । जसमा छात्रा १ हजार ६ सय ७२ र छात्र १ हजार ४ सय २९ रहेका छन् ।

यसैगरी, ग्रेड वृद्धितर्फ ४५ जना परीक्षार्थी परीक्षामा सहभागी हुनेमा छात्रा ३० जना र छात्र १५ जना रहेका छन् । यो वर्ष एसईई परीक्षामा निजीतर्फ १२ वटा र सामुदायिक विद्यालयतर्फबाट ८४ गरी ९६ वटा विद्यालका परीक्षार्थीहरु परीक्षामा सहभागी हुने शिक्षा विकास तथा समन्वय इकाई दोलखाका प्रमुख शंकरबाबु श्रेष्ठले जानकारी दिए ।

परीक्षाका लागि केन्द्राध्यक्ष, सहायक केन्द्राध्यक्ष, निरीक्षक तथा सहायक निरीक्षक भने फागुन मसान्तभित्र तोकिसक्ने शिक्षा विकास तथा समन्वय इकाई दोलखाले जनाएको छ । एसईईका लागि गर्त वर्ष १९ वटा केन्द्र निर्धारण गरिएकोमा यो वर्ष पनि १९ वटा नै केन्द्र कायम भएको छ । गर्त वर्ष २ वटा नयाँ परीक्षा केन्द्र थप गरिए पनि यो वर्ष नयाँ परीक्षा केन्द्र थप भएको छैन । गत वर्ष जिल्लाको मेलुङ गाउँपालिकास्थित त्रिभुवन मा.वि मेलुङ र गौरीशंकर गाउँपालिका स्थित हलेश्वर मा.वि सुरीमा थप नयाँ परीक्षा केन्द्र निर्धारण गरिएको थियो ।

दोलखामा गत वर्षको एसईई परीक्षामा ३ हजार ३ सय ३ जना परीक्षार्थी परीक्षामा सहभागी भएका थिए । गत वर्षको तुलनामा यो वर्ष एसईई दिने परीक्षार्थीको संख्या कम रहेको छ । यसैबीच शिक्षा मन्त्रालयले प्रेस विज्ञप्ति जारी गर्दै एसईई परीक्षा तोकिएकै मितिमा हुने जनाएको छ ।

## ‘ओलीको २ वर्षे कार्यकाल दुर्भाग्यपूर्ण’



**काठमाडौं/मस-** समाजवादी पार्टी नेपालका संघीय परिषद् अध्यक्ष डा. बाबुराम भट्टराईले प्रधानमन्त्री केपी शर्मा ओलीको दुईवर्षे कार्यकाल देशका लागि दुर्भाग्यपूर्ण रहेको बताएका छन् । पार्टीको काठमाडौं, ललितपुर र भक्तपुर जिल्ला कमिटीहरु समायोजन घोषणा कार्यक्रममा डा. भट्टराईले उपचाररत प्रधानमन्त्री ओलीको स्वास्थ्यलाभको कामना गर्दै बितेको दुई वर्षमा जनताले केही पनि नपाएको बताए ।

दुई तिहाईको बहुमत प्राप्त सरकारले सामाजिक, राजनीतिक र विकास परिवर्तनको क्षेत्रमा छलाङ मार्नेगरी काम गर्नुपर्ने भएपनि त्यसो हुन नसकेको बताए । भ्रष्टाचार नियन्त्रण र सुशासन लगायतका क्षेत्रमा सरकारले गर्न सक्ने काम समेत नगरेको उल्लेख गर्दै भट्टराईले गर्न नुहने कामहरु भ्रष्टाचार, नातावाद कृपावाद र आपसी भै-झगडाका कामहरु गरेको आरोप लगाए । उनले अहिलेको सरकारको भविष्य समेत सकिएको टिप्पणी गरे ।

सत्तारुढ दलभित्र भागवण्डाको लडाई सुरु भएको उल्लेख गर्दै डा भट्टराईले अर्को निर्वाचनमा देश नयाँ ध्रुविकरणसम्म जाने भएकाले त्यसको तयारीमा लाग्न जिल्ला कमिटीहरुलाई निर्देशन समेत दिए । समाजवादी पार्टीलाई देशको विकल्पका रुपमा अगाडि बढाउन नसकेपनि परिवर्तनको प्रक्रिया नरोकिने र अर्को कुनै शक्ति आएर यसलाई अगाडि बढाउने उनले बताए । शुक्रबार तत्कालीन संघीय समाजवादी पार्टी नेपाल र नयाँ शक्ति पार्टी नेपालका काठमाडौं, ललितपुर र भक्तपुर जिल्ला कमिटीहरु समायोजन गरिएको छ ।

## कालोबजारीविरुद्ध निजामती कर्मचारी जागरुक बन्नुपर्छ: अध्यक्ष ढकाल

**काठमाडौं/मस-** निजामती कर्मचारीहरुको आधिकारिक ट्रेड यूनियनका केन्द्रिय अध्यक्ष पुण्य प्रसाद ढकालले विश्वलाई नै आतंकित बनाइरहेको कोरोना भाइरसविरुद्धको सचेतना अभिवृद्धिमा निजामती कर्मचारीको भूमिका अहम् हुने बताएका छन् । शुक्रवार निजामती कर्मचारीहरुको आधिकारिक ट्रेड यूनियन केन्द्रीय कार्यसमितिको आयोजना र निजामती कर्मचारीहरुको आधिकारिक ट्रेड यूनियन केन्द्रीय स्वास्थ्य तथा जनसंख्या मन्त्रालय विभागीय कार्यसमितको व्यवस्थापनमा भएको कोरोना सम्बन्धी एक सचेतना कार्यक्रममा उनले कोरोना भाइरसबारे व्याप्त अफवाह चिर्दै कालोबजारी नियन्त्रण गर्न समेत निजामती कर्मचारीको भूमिका महत्वपूर्ण हुने बताए । ढकालले निजामती कर्मचारीहरुमा सामाजिक उत्तरदायित्वबोध उन्नत छ भन्ने प्रमाणित गर्न पनि वर्तमान तरलताको स्थितिमा निजामती कर्मचारी र राष्ट्रिय स्तरका कर्मचारीका ट्रेड यूनियनले रचनात्मक भूमिका खेल्नुपर्ने बताए । राज्यले लिएको पहलकदमीलाई जनताकाबीचमा पुर्‍याइ सचेतनाको काममा निजामती कर्मचारीले सहयोग गनुपर्ने ढकालले बताए । सचेतनाको कार्यक्रम काठमाडौंबाट शुरु भएको र भोलिका दिनमा यसलाई सातै प्रदेशमा सघन रुपमा सञ्चालन गर्ने सन्दर्भमा आधिकारिक ट्रेड यूनियन छिट्टै निर्णयमा पुग्ने ढकालको भनाइ थियो ।

कार्यक्रममा सरुवा रोग विशेषज्ञ डा अनुप बास्तोलाले कोरोनाका सम्बन्धमा अनर्गल ढंगमा प्रचार भइरहेकोले नागरिकमा त्रास उत्पन्न भएको बताए । सही सूचनाको अभाव र सस्तो प्रचारबाजीका कारण नागरिकमा कोरोना भाइरस सम्बन्धी भ्रामक प्रचारमा बाँच्नुपर्ने परिस्थिति सिर्जना भएकोले सत्य तथ्य बुझेर मात्र प्रकाशन तथा प्रसारण गर्न सञ्चारमाध्यमसँग डा बास्तोलाले अपिल गरे ।

## पत्रकार महासंघले सञ्चारमन्त्रीलाई बुझायो ज्ञापनपत्र

# ‘प्रेस र सरकारबीच नियमित अन्तरक्रिया आवश्यक’




**काठमाडौं/मस-** सञ्चार तथा सूचना प्रविधिमन्त्री डा युवराज खतिवडाले सञ्चार क्षेत्रसँग सम्बन्धित कानून सरोकारवालासँगको छलफलपछि मात्र ल्याइने बताएका छन् । शुक्रबार नेपाल पत्रकार महासंघको ध्यानाकर्षण पत्र बुझ्ने क्रममा उनले अहिले सञ्चारसम्बन्धी कानून निर्माणका क्रममा रहेकाले आवश्यकतानुसार परिमार्जन गर्ने बताए ।

‘सञ्चारसम्बन्धी कुनै कानून मन्त्रिपरिषद्मा, कुनै संसद्मा विचाराधीन, कुनै संसद्को एउटा सभाले पास गरेको र अर्को सभामा जाने क्रममा र कुनै संसद्का समितिमा छलफलका क्रममा रहेका छन्,’ उनले भने, ‘ती कानूनका मूलभूत कुरामा त फरक छैन । तर कतिपय कुरामा अझ परिमार्जन गरे राम्रो हुन्छ भन्ने छ भने तपाईंसँगको छलफलमा परिमार्जन गरेर जान सकिन्छ ।’

उनले दफाअनुसार छलफल गरेर परिमार्जन गर्ने ठाउँ भए, सरकार परिमार्जन गर्न तयार रहेको बताए । प्रेस र सरकारबीच नियमित अन्तरक्रिया छलफल, संवाद हुन आवश्यक रहेको भन्दै मुलुकका साझा मुद्दाका लागि सरकारले प्रेससँग सहकार्य गर्ने उनले बताए ।

‘मौलिक हक कार्यान्वयन गन, समाजलाई अग्रगतिको विकास प्रक्रियामा लैजाने, मुलुकमा सुशासन कायय राख्ने र मुलुकको राष्ट्रिय/अन्तर्राष्ट्रिय सम्बन्ध विकास गर्नेजस्ता साझा विषयमा सरकार प्रेससँग सहकार्य गरेर जाने छ,’ उनले भने । उनले सूचनाको हक सुशासनको पूर्वसर्त नै रहेकाले सरकार सूचनाको हक पालना गर्दै पारदर्शिता र जवाफदेही हुनैपर्ने बताए ।

उनले कोरोना भाइरसले उब्जाएको वातावरणमा प्रेससँग सहकार्य गरेर सरकार अगाडि बढ्ने बताए । ‘अहिले कोरोनाका कारण त्रसित, भयभित, आतंकित हुन नपर्ने तर उच्च सर्तकता अपनाउनुपर्ने स्थिति छ । यो चरणमा सञ्चारमाध्यमसँग सहकार्य गर्नु जरुरी रहेको छ,’ उनले भने, ‘सञ्चारमाध्यमबाट जनसमक्ष राम्रा कुरा प्रचार गर्नु आवश्यक छ । त्यो राम्रो कुरा पुर्‍याउनेमा सञ्चारकर्मीले आ-आफ्नो माध्यमबाट सहयोग गर्नुपर्दछ ।’

मन्त्री डा खतिवडाले काम गर्ने मान्छेले पारिश्रमिक पाउने भन्दै श्रमजीवी पत्रकारको न्यूनतम तलब कार्यान्वयन गरी पत्रकारको पेशागत हकहित सुरक्षित गर्नका लागि सरकार दृढ रहेको धारणा राखे । उनले न्यूनतम पारिश्रमिकका विषयमा देखिएका समस्या समाधानका लागि सञ्चारगृहका मालिक, लगानीकर्ता र व्यवस्थापनसँग छलफल गर्ने भनाइ राखे ।

उनले सरकारका नीति कार्यक्रम बजेटमार्फत पत्रकारका कतिपय कुरा सम्बोधन गरिएको उल्लेख गर्दै कार्यान्वयनमा नआएका कुरालाई कार्यान्वयन गराउन पहल गर्ने बताए । मन्त्री खतिवडाले अग्रगामी भविष्य देख्ने गरी पत्रकारितालाई व्यावसायिक बनाउन सरकार प्रतिबद्ध रहेको जानकारी दिए ।

